# मिति २०८१।०६।१० को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

## मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
## Madhya Bhotekoshi Jalavidyut Company Limited


का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोनः ०१-४७२१६४१, ४७२१६४२ फ्याक्सः ०१-४७२१६४३
इमेलः admin@mbjcl.com.np वेभसाइटः www.mbjcl.com.np


## लक इन अवधि (Lock In Period)
## समाप्त हुने बारेको अत्यन्त जरुरी सूचना

नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१, चलानी नं.: १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड गरेको मिति (अर्थात् मिति २०७८/०७/१२ गते) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनी संस्थाहरुले धारण (Hold) गरेको शेयर तथा कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरु, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु, ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु, आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु एवं कम्पनीका कर्मचारीहरुलाई बाँडफाँट गरिएका तपसिल विवरण अनुसारका शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१) बमोजिम लक इन (Lock In) मा राखिएको र उक्त शेयरहरुको लक इन अवधि (Lock In Period) मिति २०८१/०७/११ मा समाप्त हुन लागेको व्यहोरा नियामक एवं अन्य सम्बन्धित निकायहरु, लगानीकर्ता एवं सर्वसाधारण लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति २०८१/०७/११ मा लक-इन अवधि समाप्त हुने शेयरधनीहरुको विवरणः**

| सि.नं. | शेयरधनीहरु | लक-इनमा रहेको शेयर संख्या |
|---|---|---|
| १. | संस्थापक शेयरधनीहरु | ३,०६,००,००० |
| २. | कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरु | १,१७,००,००० |
| ३. | संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु | २१,००,००० |
| ४. | ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु | ६,००,००० |
| ५. | आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु | ६०,००,००० |
| ६. | कम्पनीका कर्मचारीहरु | ३,६०,००० |

***नोटः*** *कम्पनीको सञ्चालक समितिका पदाधिकारीहरू तथा उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुले भने खरिद बिक्री गर्न पाइने छैन ।*